चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल
महाबौद्ध, काठमाडौं
नेपाल

प.सं.
च.नं.

फोन नं.: ०१-५९७०७५०

मिति:

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको रिक्त शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन पदमा नाम छनौट तथा सिफारिस समितिको दरखास्त आव्हान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२६ गते)**

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कार्यकारी परिषद्को मिति २०८३/०४/१५ र मिति २०८३/०४/२५ गते बसेको १७० र १७१ औ बैठकको निर्णयानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको रिक्त शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन पदमा नाम सिफारिस गर्न गठित छनौट तथा सिफारिस समितिको मिति २०८३/०४/२६ गते बसेको बैठकको निर्णयानुसार "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन छनौट तथा सिफारिस सम्बन्धी एकिकृत कार्यविधि, २०८३" अनुसार योग्यता पुगेका उम्मेदवारहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ( मिति २०८३/०५/०१ गते सम्म) कार्यालय समयमा यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको छैटौ तला (सोधपूछ कक्षामा) दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको अनुरोध छ । साथै दरखास्त फाराम र कार्यविधि सम्बन्धी विस्तृत विवरण यस प्रतिष्ठानको website https;//www. Nams.edu.np/en बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

उपकुलपति

( प्रा.डा. विवेक आचार्य )
अध्यक्ष एवम् उपकुलपति
शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन छनौट तथा सिफारिस समिति
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, NAMS

# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन छनौट तथा सिफारीस सम्बन्धी एकीकृत कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३/०४/२५

<u>प्रस्तावना</u>: "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०८३" र "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३" (संशोधन सहित) को दफा १९ बमोजिम चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका शिक्षाध्यक्ष, रजिष्ट्रार र डीनको प्रतिस्पर्धाको आधारमा नियुक्त गर्न देहाय बमोजिम कार्यविधि बनाई कार्यकारी परिषदबाट स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका पदाधिकारीहरुको छनौट तथा सिफारीस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि चि.वि.रा.प्र., कार्यकारी परिषदले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३" लाई संशोधन गर्न बनेको संशोधित ऐन व्यवस्थालाई सम्झनुपर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(घ) "कार्यकारी परिषद" भन्नाले ऐनको दफा ११ वमोजिम गठन भएको कार्यकारी परिषद सम्झिनुपर्छ।

(ङ) "सभा" भन्नाले ऐनको दफा ७ वमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(च) "अस्पताल" भन्नाले ऐनको दफा १४ बमोजिम स्थापना भएको वीर अस्पताल सम्झनु पर्छ ।

(छ) "कुलपति" भन्नाले ऐनको दफा १६ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ज) "सहकुलपति" भन्नाले ऐनको दफा १७ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

(झ) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(ञ) "शिक्षाध्यक्ष" भन्नाले दफा १९ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(ट) "रजिष्ट्रार" भन्नाले दफा १९ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ठ) "डीन" भन्नाले दफा १९ बमोजिमको डीन सम्झनु पर्छ ।

(ड) "निर्देशक" भन्नाले ऐनको दफा २० बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(ढ) "पदाधिकारी" भन्नाले प्रतिष्ठानको पदाधिकारी सम्झिनुपर्छ ।

(ण) "समिति" भन्नाले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको उपकुलपतिको अध्यक्षतामा दुई जना विज्ञ सहित गठन भएको शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन छनौट तथा सिफारिस समिति सम्झनु पर्छ ।

(त) "अध्यक्ष" भन्नाले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार र डीन छनौट तथा सिफारिश गर्ने प्रयोजनका लागि गठन भएको समितिको अध्यक्ष सम्झनु पर्छ ।

(थ) "उम्मेदवार" भन्नाले प्रतिष्ठानका पदाधिकारीको पदमा नियुक्तिका लागि न्युनतम् योग्यता भएका स्वीकृत दरखास्तवाला उम्मेदवार सम्झनुपर्छ।

(द) "विषय विज्ञ वा दक्ष" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट चिकित्सा शास्त्र विज्ञानको कुनै पनि विषयमा स्नातकोत्तर तह उर्तिण गरी सम्वन्धित क्षेत्रमा दश वर्षको अनुभव प्राप्त विज्ञ वा दक्ष व्यक्ति सम्झनु पर्छ ।

(ध) "नजिकका नातेदार" भन्नाले पति, पत्नि, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने वावु आमा, सौतेनी वावु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाई, दिदी, वहिनी, ठूलोबाबु, काका, काकी, सानोवावु, सानीआमा, भतिजा, भतिजी, सासु, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजु, बुहारी, मामा, माईजु, भान्जा, भान्जी, जेठी, सासु, साला, साली, साडु दाई, साडु भाई, फुपु, आमाजु, भदा, भदै, भिनाजु, ज्वाई, जेठान सम्झनु पर्छ ।

## परिच्छेद-२

## पदाधिकारी नियुक्ति सिफारिश सम्वन्धी व्यवस्था

३. सिफारिस समितिको गठनः प्रतिष्ठानका पदाधिकारीको छनौट तथा सिफारिस गर्न देहायबमोजिम एक सिफारिस समिति रहनेछ:-

(१) उपकुलपति, -अध्यक्ष

(२) विषय विज्ञ वा दक्ष व्यक्ति दुई जना -सदस्य

४. समितिको काम, कर्तव्य र अधिकार

(१) दफा ३ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) प्रतिष्ठानको रिक्त पदाधिकारीको पदमा नियुक्तिको लागि आवेदन दिन कम्तीमा सात (७) दिनको अवधि राखि प्रतिष्ठानको website https;//www. Nams.edu.np/en र कार्यालयको आन्तरिक सूचना प्रणाली/ सुचना पाटी मार्फत दरखास्त आव्हान गर्ने,

(ख) प्राप्त हुन आएका दरखास्तको प्रारम्भिक छानविन गरी योग्य देखिएका उम्मेदवारहरुको संक्षिप्त सूची तयार गर्ने,

(ग) स्वीकृत संक्षिप्त सूचीमा परेका उम्मेदवारको कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता सञ्चालन गर्ने,

(घ) मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्येवाट प्रत्येक पदका लागि योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सिफारिस गर्दा प्रत्येक पदको लागि उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये योग्यताक्रमका आधारमा कम्तीमा तीन जना योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्नेछ ।

(३) समितिले उम्मेदवारको मूल्याङ्कनका आधार, अङ्कभार र सिफारिस सम्बन्धी अन्य प्रक्रिया ऐन, नियमावली वा यस कार्यविधिसँग नवाझिने गरी आफैले निर्धारण गर्न सक्नेछ।

५. बैठक सम्बन्धी व्यवस्थाः बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(ग) समितिको बैठकमा कुनै सदस्य उपस्थित नभएमा पनि समितिको बैठक बस्न तथा उम्मेदवार छनौट तथा सिफारिस सम्बन्धी कार्यहरु गर्न बाधा पर्ने छैन ।

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ।

(ङ) समितिको निर्णयमा अध्यक्ष सहित बैठकमा उपस्थित सदस्यहरुको हस्ताक्षरबाट प्रमाणित भएको हुनुपर्नेछ।

(च) समितिको बैठकले संस्थाको बृहत हितको लागि समितिले आवश्यक ठानेको खण्डमा उपयुक्त निर्णय गर्न सक्नेछ ।

६ . **शिक्षाध्यक्षको योग्यताः**

प्रतिष्ठानको शिक्षाध्यक्ष नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(१) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(२) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(३) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालको प्राध्यापक (Professor) पदमा वा स्वास्थ्य सेवाको दशौं तह वा सोभन्दा माथिल्लो पदमा कम्तीमा पाँचवर्ष कार्य गरेको र कम्तिमा ८ वर्ष प्राध्यापन गरेको अनुभव भएको,

(४) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको नेतृत्वदायी पदमा (पदाधिकारी वा विभागीय प्रमुख, coordinator वा कार्यलय प्रमुख) रही उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(५) मान्यता प्राप्त राष्ट्रिय वा अन्तराष्ट्रिय जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा चार वटा र सह-लेखक (Co-author) भई कम्तीमा चार वटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(६) नेपाली नागरिक भएको,

(७) नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(८) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(९) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(१०) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

७. <u>रजिष्ट्रारको योग्यताः</u>

प्रतिष्ठानको रजिष्ट्रार नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(१) नेपाली नागरिक,

(२) मान्यता प्राप्त बिस्वविध्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(३) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता हुनु पर्ने भए दर्ता भएको प्रमाणपत्र अद्यावधिक रहेको,

(४) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालमा सह प्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा वा स्वास्थ्य सेवाको दशौं तह वा सोभन्दा माथिल्लो पदमा कम्तीमा ५ वर्ष कार्य गरेको र कम्तिमा पाँच वर्ष प्राध्यापन गरेको अनुभव रहेको,

(५) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको नेतृत्वदायी पदमा (पदाधिकारी वा विभागीय प्रमुख, coordinator वा कार्यलय प्रमुख) रही उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(६) मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा दुईवटा र सह-लेखक (Co-author) भई कम्तीमा दुईवटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(७) नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(८) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(९) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(१०) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

८. <u>डीनको योग्यता:</u>

प्रतिष्ठानको डीन नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(१) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(२) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(३) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालमा सह प्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा वा स्वास्थ्य सेवाको दशौं तह वा सोभन्दा माथिल्लो पदमा कम्तीमा ५ वर्ष कार्य गरेको र कम्तिमा पाँच वर्ष प्राध्यापन गरेको अनुभव रहेको,

(४) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको नेतृत्वदायी पदमा (पदाधिकारी वा विभागीय प्रमुख, coordinator वा कार्यलय प्रमुख) रही उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(५) मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा दुईवटा र सह-लेखक (Co-author) भई कम्तीमा दुईवटा वैज्ञानिक अनुसन्धान मूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(६) नेपाली नागरिक भएको,

(७) नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(८) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(९) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(१०) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेबारीमा नरहेको।

९. <u>दरखास्त आह्वान:</u>

१) प्रतिष्ठानका पदाधिकारी (शिक्षाध्यक्ष, डीन र रजिष्ट्रार) को नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी सम्बन्धित प्रतिष्ठानको वेवसाइटमा कम्तीमा सात दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको म्याद भित्र प्रतिष्ठानका पदाधिकारीमा नियुक्तिको लागि इच्छुक न्युनतम योग्यता पुरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) एक जना उम्मेदवारले एक पदको लागि मात्र आवेदन दिन पाउनेछ ।

१०. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातः</u> (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दफा ९ को उपदफा (२) बमोजिमको दरखास्तका साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(१) नेपाली नागरिकताको प्रतिलिपि,

(२) स्नातकोत्तर तह र सो भन्दा माथिका भए सो को समेत शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि एवम् समकक्षता लिनु पर्ने अवस्थामा सो लिएको प्रमाण पत्र,
प्रचलित कानुन बमोजिम सम्वन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता हुनुपर्ने भएकोमा दर्ता भई प्रमाणपत्र अद्यावधिक भएको,

(३) विश्वविद्यालय वा प्रतिष्ठानको प्राध्यापक/ सह-प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(४) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, निजामती, स्वास्थ्य वा सरकारी सेवाको कार्य अनुभव खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(५) First Author, Co-author भई गरेका अनुसन्धानमूलक प्रकाशनको विवरण,

(६) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन विवरण तथा प्रमाणको प्रतिलिपि, लिंकहरू भए सो समेत,

(७) आफुले हासिल गरेको संम्वन्धित विषयमा कुनै तालिम लिएको भए सो को प्रमाणपत्र सहितको विवरण

(८) कार्यालयको सुचना प्रकाशित प्रश्चात सम्वन्धित संस्थाको सोच (Vision), रणनीतिक कार्ययोजना (Strategic Action Plan) PPT प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(९) अनुसूची-२ बमोजिमको स्वघोषणा पत्र।

११.. <u>दरखास्तको रुजु तथा मूल्याङ्कन विधिः</u>

(१) यस कार्यविधिको बुँदा ६, ७, ८, र १० बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त सिफारिस समितिले रुजु तथा मूल्याङ्कन गरी गराई सबैभन्दा बढी अंक प्राप्त गर्ने रिक्त एक पदको लागि अधिकतम सात जनासम्म उम्मेदवारहरुको सूची तयार गरी वर्णानुक्रम अनुसार प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि संक्षिप्त सूची प्रकाशन गरि समितिले निर्णय गर्नुपर्नेछ।

(२) सिफारिस समितिले उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा रहेका उम्मेदवारहरुको प्रस्तुतीकरण तथा अन्तर्वार्ता लिई कुल प्राप्ताङ्कका आधारमा रिक्त एक पदका लागि अधिकतम तीन जनाका दरले उम्मेदवार छनौट गरी नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) तर तीन जना भन्दा कम दरखास्त परेको वा तीन जना भन्दा कम व्यक्ति योग्य भएको अवस्थामा योग्य व्यक्तिलाई सिफारिस गर्न सकिनेछ।

(४) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

१२. <u>स्वःघोषणा गर्नुपर्नेः</u>

(१) सिफारिस समितिका संयोजक तथा सदस्यहरूले उम्मेदवारको मूल्याङ्कन तथा सिफारिस प्रक्रियामा सहभागी हुनु अघि निजहरूसँग आफ्नो कुनै प्रकारको स्वार्थ नबाझिएको भनी अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा स्वःघोषणा गर्नुपर्नेछ।

(२) समितिका कुनै सदस्य वा मूल्याङ्कन विज्ञ टोलीका सदस्यको नजिकका नातेदारले पदाधिकारी वा सदस्यको पदमा दरखास्त पेश गरेको अवस्थामा वा कुनै उम्मेदवारसँग स्वार्थ बाझिने (Conflict of Interest) अवस्था रहेमा त्यस्तो सदस्य वा विज्ञ सम्बन्धित पदको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(३) उपदफा (२) बमोजिमको अवस्थामा परी सदस्य तथा विज्ञको हकमा समितिको अध्यक्षलाई र अध्यक्षको हकमा मन्त्रालय वा अख्तियारवालालाई लिखित जानकारी गराई मूल्याङ्कन प्रक्रियाबाट अलग हुनुपर्नेछ।

१३ .मुल्याङ्कन विधिः

(१) शिक्षाध्यक्ष, रजिष्ट्रार र डीनको दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछः-

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | न्युनतम योग्यता बापत दश अंक |
| २. | प्राध्यापन क्षेत्रको कार्यानुभव | १० | प्राध्यापन क्षेत्रको न्युनतम कार्यानुभव बापत सात अंक, सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले थप अधिकतम तीन अंक |
| ३. | व्यवस्थापकीय र सम्वन्धित क्षेत्रको अनुभव | १० | न्यूनतम अनुभव बापत सात अंक र सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले अधिकतम थप तीन अंक |
| ४. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन | १० | न्यूनतम first author र Co-author भएका अनुसन्धानमूलक प्रकाशन गरेकोलाई सात अंक, सो भन्दा बढी प्रत्येक first author प्रकाशनलाई १ र Co-author प्रकाशनलाई ०.५ अङ्कका दरले थप अधिकतम तीन अंक |
| ५. | सम्वन्धित संस्थाको सोच (Vision ) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनकोढाँचासँग सम्बन्धित PPT प्रस्तुतीकरण |
| ६. | अन्तर्वार्ता | २० | |
| कुल पूर्णाङ्क | | १०० | |

१४ . प्रस्ततीकरण र अन्तरवार्ता:

(१) दफा १४ बमोजिमको सम्बन्धित संस्थाको सोच (Vision), रणनीतिक कार्ययोजना (Strategic Action Plan) PPT प्रस्तुतीकरण र अन्तरवार्ताको लागि तीन दिनको समय दिई सम्वन्धित प्रतिष्ठानको वेवसाईटमा सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

तर सम्पूर्ण उम्मेदवारहरुलाई निजहरूले आवेदनको क्रममा उपलब्ध गराएको इमेल तथा फोन मार्फत सूचना दिई उम्मेदवारहरू मञ्जुर भएमा तीन दिन अगावै समेत अन्तरवार्ता सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तर्वार्तामा कुनै कारणले कुनै उम्मेदवार अन्तर्वार्ताको लागि तोकिएको मिति, स्थान र समयमा उपस्थित हुन नसकेमा निजलाई छनौट प्रक्रियामा समावेश गरिने छैन् ।

(३) प्रस्तुतीकरण र अन्तरवार्ताको समयमा छनौट तथा सिफारिस समितिको अध्यक्षले सम्वन्धित क्षेत्रको विषय विज्ञ वा पूर्व उपकुलपतिलाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१५ .कार्यसम्पादन करार तथा नियुक्ति:-

(१) यस कार्यविधि बमोजिम सिफारिस भएका पदाधिकारीले पदवहाल गरेको सात दिन भित्र उपकुलपति समक्ष अनिवार्य रुपमा कार्यसम्पादन करार (Performance Agreement) गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा सम्वन्धित पदाधिकारीले उम्मेदवारी पेश गर्दा वुझाएको रणनितिक कार्ययोजना (Strategic Action Plan) लाई आधार मानी आफ्नो कार्यकालमा हासिल गर्नुपर्ने मुख्य लक्ष्य, सूचक र सम्पादन गर्नु पर्ने कार्यहरु स्पष्ट रुपमा समावेश गर्नु पर्नेछ ।

१६ .समितिको सचिवालय तथा कागजातको संरक्षण:

(१) प्रतिष्ठानको कार्यालयमा रहेको स्थानमा समितिको सचिवालय रहनेछ।

(२) समितिबाट भएका सिफारिस सम्वन्धित सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरु प्रतिष्ठान कार्यालयमा सुरक्षित राखिनेछन् । कार्य सम्पन्न भएपछि यस सम्वन्धिसम्पूर्णभएकासमितिबाट सिफारिसको निर्णयहरू प्रतिष्ठानमा सुरक्षित राखिनेछ ।

१७ .<u>बाधा अड्काउ फुकाउने:</u>

(१) यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा स्पष्ट व्यवस्था नभएको अवस्थामा, ऐनको व्यवस्था विपरित नहुने गरी समितिले बाधा अड्काउ फुकाउन वा थप व्याख्या गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले गरेका निर्णय एवम् व्याख्या यसै कार्यविधिको अभिन्न अङ्ग मानिनेछ ।

अनुसूची -१

(दफा ९ (२) सँग सम्बन्धित)

## उम्मेदवारको दरखास्त

श्री अध्यक्षज्यू,
पदाधिकारीको छनोट तथा सिफारिस समिति,
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,
महाबौद्ध काठमाडौं

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्वन्धमा

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको रिक्त शिक्षाध्यक्ष / रजिष्ट्रार र डीनको पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। शिक्षाध्यक्ष / रजिष्ट्रार र डीनको को पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव म सँग रहेको छ। म शिक्षाध्यक्ष / रजिष्ट्रार र डीनको पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१ .प्रतिष्ठानको नामः

२ .नियुक्ति हुन चाहेको पदः शिक्षाध्यक्ष / रजिष्ट्रार र डीन (आफुले चाहेको पदमा) चिन्ह लगाउनुहोस ।

३ .दरखास्त पेश गर्ने व्यक्तिकोः

व्यक्तिगत विवरणः-

नामथरः-
(देवनागरी)
Name:
English BLOCK LETTER: ....................................
हाल कार्यरत
संस्थाः............................................पद......................................................................
नेपाली नागरिकताको प्रमाण पत्र नं.:.........................................जारी मितिः............................
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः.................................. जिल्ला.....................................
सम्पर्क नम्वर..........................ईमेल...................................

शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि र अन्य | | | | |

१. अनुभवः (नेतृत्वदायी भुमिकामा कार्य गरेको भए सो समेत)

| क्र.स. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण (यदि भएमा)

| क्र.स. | परियोजनाको शिर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलिको नामावली | परियोजना सम्पन्न गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२. प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

| क्र.स. | लेखको शिर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

| |
|---|
| दस्तखतः |
| नाम थरः |
| मितिः |
| फोन नम्बरः |

अनुसूची-२

उम्मेदवारको स्व-घोषणा

(दफा १० सँग सम्बन्धित)

**विषयः स्व-घोषणा सम्बन्धमा।**

प्रस्तुत विषयमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको शिक्षाध्यक्ष / रजिष्ट्रार र डीनको पदका लागि आवेदनका साथमा देहाय बमोजिमको स्व-घोषणा गर्दछु।

| | छ | छैन |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | | |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति वा बिदेशी नागरिकता प्राप्त गरेको | | |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | | |
| (घ) हाल कुनै राजनीतिक दलको सदस्य भएको, | | |
| (ङ) प्रतिष्ठानको क्षेत्रमा कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको, | | |
| (च) कुनै पनि लेख तथा प्रकाशनमा Plagiarism गरेको | | |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्व-घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनवमोजिम सहुँला बुझाउँला।

उम्मेदवारको

हस्ताक्षरः...............................................................

नाम, थरः- ...............................................................

ठेगानाः- ............................ मोबाइल नम्बरः..............................

अनुसूची-३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

मूल्यांकनकर्ताको स्वघोषणा

---

म प्रतिष्ठानका पदाधिकारी शिक्षाध्यक्ष, रजिष्ट्रार र डीनको छनौट तथा सिफारीस प्रक्रियामा संलग्न रहँदा कुनै पनि उम्मेदवारसँग मेरो पारिवारिक, वित्तीय, राजनीतिक, संस्थागत वा अन्य प्रत्यक्ष/अप्रत्यक्ष स्वार्थ-संघर्ष नभएको घोषणा गर्दछु। यदि कुनै स्वार्थ-बाझिएमा / देखिएमा वा पछि जानकारीमा आएमा तुरुन्त समितिलाई जानकारी गराई सम्वन्धित मूल्याङ्कन प्रक्रियाबाट अलग रहनेछु।

यस प्रक्रियामा प्राप्त हुने कागजात, अंक, टिप्पणी, सन्दर्भ जाँच विवरण तथा अन्य संवेदनशील विषयहरुमा जानकारी भएसम्मका सम्पूर्ण कुराहरु संस्थाको वृहत हितको लागी पदिय जिम्मेवारीमा हुदा वा नहुदाको वखत सम्म गोप्य राख्नेछु।

नामः ...............................................

पद/भूमिकाः ........................................

हस्ताक्षरः ..........................................

मितिः ................................................